कमल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७९/०८०
च. न. २६८

मिति : २०७९/०५/२०

श्री सबै सहकारी संस्थाहरु,

कमल गा.पा., झापा ।

विषय : तालिमको जानकारी तथा सहभागिता सम्बन्धमा ।

प्रस्तुत विषयमा सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको च.नं. ५८, मिति ०७९/०५/०१ को पत्रसाथ प्राप्त सूचना यसै पत्रसाथ संलग्न राखी सम्वन्धित सबै सहकारी संस्थाहरुका पदाधिकारीहरु तथा संस्थामा कार्यरत तालिम लिन इच्छुक संस्थाका पदाधिकारी तथा कर्मचारीहरुले संलग्न सूचना बमोजिमको विवरण भरी यस पालिकाको सहकारी शाखामा वा यस इमेल ठेगानामा (email: bharattiwari431@gmail.com) मिति :०७९/०५/३१ भित्र अनिवार्य रुपमा उपलब्ध गराइदिनु हुन अनुरोध छ । साथै, इच्छुक सहभागीले पत्रसाथ संलग्न सूचना अनुसार केन्द्रको वेवसाईटमा गई समयमै माग बमोजिमका विवरण तथा कागजातहरु अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ ।

०७९/५/२०

राजकुमार शाक्य

प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामति प्रशासनःसमद्धि र सशासन"

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

पत्र संख्या :- ०७९।८०

चलानी नं. :- ५८

मिति -२०७९।०५।०१

श्री सबै स्थानीय तह,

विषय :- तालिममा सहभागिता सम्वन्धमा ।

प्रस्तुत विषयमा यस सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रबाट यस आ.व भरीमा संचालन हुने तालिमको विवरण यसैसाथ संलग्न गरी पठाइएको छ । विवरणमा खुलाइएका तालिम लिन इच्छुक र आवश्यक भएका सहकारी संघ संस्थाहरुका पदाधिकारी तथा कर्मचारीहरुलाई जानकारी गराई सहभागिताको लागि तोकिएको ढाँचामा मनोनयन गरी पठाइदिनुहुन आदेशानुसार अनुरोध छ । साथै नियामक निकायका सहकारी शाखामा कार्यरत कर्मचारीहरुका लागि समेत COPOMIS तथा सहकारी प्रशिक्षक प्रशिक्षण तालिम संचालन हुने हुँदा तालिम लिन आवश्यक र इच्छुक कर्मचारीहरु मनोनयन गरी पठाईदिनुहुन समेत अनुरोध छ ।

*(नोट : तालिममा सहभागी मनोनयन गर्दा यस आ.व र गत आ.व मा यस केन्द्रबाट संचालित तालिममा सहभागिता नजनाएकालाई प्राथमिकता दिनुपर्ने छ ।)*

पवित्रा ढकाल

सहकारी प्रशिक्षक

कमल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं.: ३३९
मिति: २०७९।५।१२

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग

# सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र

नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४११५६७८
४४७०१०३
फ्याक्स : ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: info@ctrc.gov.np

## तालिमको जानकारी तथा सहभागिता सम्बन्धमा।

**वेवसाईटमा प्रकाशित मितिः- २०७९।०४।२३**

**श्री सम्बन्धित सबै।**

यस केन्द्रले चालु आ.व. २०७९/२०८० मा तपशिल बमोजिमका तालिम सञ्चालन गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागिताको लागि ईच्छुक **सम्बन्धित प्रदेश सहकारी मन्त्रालय/ प्रदेश रजिष्ट्रार कार्यालय/ प्रदेश स्थित सहकारी प्रशिक्षालय/ स्थानीय तहको सहकारी शाखामा कार्यरत कर्मचारीहरु तथा सहकारी संघ/संस्थाहरुले** यस केन्द्रको वेवसाइट (www.ctrc.gov.np) मा गई Online Training मा Click गरी माग गरिएका विवरण तथा कागजातहरु संलग्न गरी मिति २०७९/०६/३१ गते भित्र अपलोड गर्नुहुन साथै संलग्न ढाँचा बमोजिम विवरण केन्द्रको ईमेल ठेगाना info@ctrc.gov.np मा समेत पठाइदिनुहुन सबै सरोकारवालाहरुमा अनुरोध गरिन्छ। उक्त विवरणका आधारमा यस केन्द्रले निर्धारण गरेको मिति तथा प्राथमिकताका आधारमा सञ्चालन हुने तालिममा प्रशिक्षार्थीहरुलाई सहभागी गराउँदै लैजाने व्यहोरा समेत अनुरोध छ।

<u>तपशिलः</u>

<u>(१) यस आ.व २०७९/२०८० मा केन्द्रबाट संचालन हुने तालिमहरु</u>

***(क) संघ, प्रदेश तथा स्थानीय तहका नियामक निकायका कर्मचारीहरुका लागि सञ्चालित तालिमहरू***

(१) सहकारी प्रशिक्षक प्रशिक्षण (७ कार्यदिन)
(२) कोपोमिस (COPOMIS) सम्बन्धी अनुशिक्षण (४ कार्यदिन)

***(ख) सहकारी संघ/संस्थाका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूको लागि सञ्चालित तालिमहरू***

(१) सहकारी सम्बन्धी आधारभूत/पुनर्ताजगी तालिम (४ कार्यदिन)
(२) सहकारी प्रशिक्षक प्रशिक्षण (१५ कार्यदिन)
(३) सहकारी व्यवसाय प्रवर्द्धन सम्बन्धी तालिम (७ कार्यदिन)
(४) सहकारी नेतृत्व तथा संस्थागत विकास तालिम (१५ कार्यदिन)
(५) सहकारी लेखा तथा वित्तीय व्यवस्थापन सम्बन्धी तालिम (१० कार्यदिन)

<u>**(२) सहभागी मनोनयन ढाँचाः**</u>

| क्र.सं. | सहभागीको नाम थर | पद | कार्यरत स्थानीय तहको नाम र ठेगाना | मोबाइल नम्बर | सहभागीको ईमेल ठेगाना (e-mail Address) | सम्बन्धित पालिकाको प्रमुख प्रशासकीय अधिकृत / सम्पर्क व्यक्तिको मोबाइल नं र इमेल ठेगाना | सहभागी हुन ईच्छुक तालिम कार्यक्रमको नाम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

<u>(३) तालिममा सहभागिताको लागि अनलाईन फारममा संलग्न गर्नुपर्ने आवश्यक कागजातः-</u>

तालिममा सहभागी हुन अनलाइन आवेदन गर्नुपर्नेछ। यसका लागि केन्द्रको वेवसाइट (www.ctrc.gov.np) मा गई Online Training मा Click गरी माग गरिएका विवरण भरी देहायका कागजातहरु अपलोड गरी पेश गर्नुपर्नेछ।

(१) सहभागीको पासपोर्ट साइजको फोटो र नागरिकता प्रमाण पत्रको प्रतिलिपि।
(२) सहभागीको मोबाइल नं. र ईमेल ठेगाना समेत खुलाई सम्बन्धित प्रदेश/स्थानीय तहको मनोनयन पत्र।
(३) सहभागीको मोबाइल नं. e-mail ठेगाना लगायत रजिष्ट्रेशन फाराममा माग भएका अन्य विवरण।
(४) सहकारी संस्थाहरूको हकमा सहकारी विभागबाट संचालित COPOMIS प्रणालीमा आवद्ध भएको प्रमाण।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सहकारी विभाग
**सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्र**
नयाँ बानेश्वर, काठमाडौं

फोन नं. ४११५६७८
४४७०१०३
फ्याक्स : ४११५६२१
Website: www.ctrc.gov.np
E-mail: info@ctrc.gov.np

(४) सहभागीहरुले पालना गर्नुपर्ने आचारसंहिता

(१) तालिम कार्यक्रममा होहल्ला रहित शान्त वातावरणमा सहभागी हुनुपर्नेछ।
(२) केन्द्रले निर्धारण गरेको मिति तथा समयमा तालिम संचालन हुनेछ।
(३) तालिममा सहभागी हुने कर्मचारीले तालिम आचारसंहितामा व्यवस्था भएका आचरण तथा मर्यादाको समेत पालना गर्नुपर्नेछ।
(४) तालिमको अवधिभर औपचारिक पोशाकमा रहनुपर्नेछ।
(५) तालिम कार्यक्रममा प्रयोग भएका सामग्रीहरुको प्रतिलिपि अधिकार प्रति सचेत हुनुपर्छ र बौद्धिक चोरी गर्नु/गराउनु हुँदैन।
(६) यस केन्द्रवाट गत आ.व. र यस चालु आ.व.मा संचालित तालिम लिएका व्यक्तिहरु यस तालिममा सहभागी हुन पाइनेछैन। यस अघि तालिम नलिएका सहभागीहरुलाई प्राथमिकता दिइनेछ।
(७) आचारसंहिता सम्बन्धी अन्य व्यवस्था केन्द्रले तोके बमोजिम हुनेछ।

**(५) सहभागीको सुविधा सम्बन्धी व्यवस्थाः**

(१) सहभागीहरुलाई तालिम अवधिको दैनिक भत्ता तथा आतेजाते यातायात खर्च एकमुष्ठ रुपमा नियमानुसार करकट्टी गरी उपलब्ध गराइनेछ। तर तोकिए भन्दा बढी सत्रमा अनुपस्थित हुने सहभागीलाई यो सुविधा उपलब्ध नगराइनुका साथै प्रमाणपत्र समेत प्रदान गरिनेछैन।
(२) तालिमको कार्यपत्र (Handout) सहभागीको इमेलमा उपलब्ध गराइनेछ।

**बोधार्थः**

श्री प्रदेश सहकारी मन्त्रालय, सातै प्रदेश।
श्री प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय, सातै प्रदेश।
श्री प्रदेश प्रशिक्षालय, सातै प्रदेश।
श्री स्थानीय तह, सबै।
श्री राष्ट्रिय सहकारी महासंघ, पुल्चोक, ललितपुर।
श्री विषयगत सहकारी केन्द्रिय संघ, सबै।
श्री जिल्ला सहकारी संघ, सबै।
श्री जिल्ला विषयगत सहकारी संघ, सबै।
श्री सहकारी संघ/संस्था, सबै।

} **ईच्छुक प्रशिक्षार्थीलाई सम्बन्धित स्थानीय तह (कार्यपालिकाको कार्यालय)बाट मनोनयन हुने व्यवस्था मिलाईदिनुहुन अनुरोध छ।**